# वन क्षेत्र सम्बन्धी राष्ट्रिय पुरस्कारको कार्यविधि, २०८२

वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल ,काठमाडौं

# विषयसूची


प्रस्तावनाः..........१

उद्देश्य..........१

औचित्य..........१

परिच्छेद १: गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार..........२

१.१ पृष्ठभूमिः..........२

१.२ पुरस्कार मूल्याङ्कन तथा छनौट समितिः..........२

१.३ समितिको काम, कर्तव्य र अधिकारः..........२

परिच्छेद २: साझेदारी वन राष्ट्रिय पुरस्कार..........३

२.१ पृष्ठभूमिः..........३

२.२ पुरस्कार मूल्याङ्कन तथा छनौट समितिः..........३

२.३ समितिको काम, कर्तव्य र अधिकारः..........३

परिच्छेद ३: कबुलियती वन राष्ट्रिय पुरस्कार..........४

३.१ पृष्ठभूमिः..........४

३.२ पुरस्कार मूल्याङ्कन तथा छनौट समितिः..........४

३.३ समितिको काम, कर्तव्य र अधिकारः..........४

परिच्छेद ४: निजी वन राष्ट्रिय पुरस्कार..........५

४.१ पृष्ठभूमिः..........५

४.२ पुरस्कार मूल्याङ्कन तथा छनौट समितिः..........५

४.३ समितिको काम, कर्तव्य र अधिकारः..........५

परिच्छेद ५: गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कार..........६

५.१ पृष्ठभूमिः..........६

५.२ पुरस्कार मूल्याङ्कन तथा छनौट समितिः..........६

५.३ समितिको काम, कर्तव्य र अधिकारः..........६

परिच्छेद ६ः विविध ....................................................................................................७

६.१ पुरस्कारको व्यवस्था ....................................................................................७

६.२ समितिको बैठक ............................................................................................७

६.३ पुरस्कार सम्बन्धि अन्तिम निर्णयः ...................................................................७

६.४ पुरस्कारको लागि आवेदन पेश गर्ने प्रक्रियाः .......................................................७

६.५ सूचना प्रकाशन ..............................................................................................९

६.६ खारेजी तथा बचाउ .........................................................................................९

अनुसूची १: गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कारका लागि मूल्याङ्कनका आधारहरु ................१०

अनुसूची २: साझेदारी वन राष्ट्रिय पुरस्कारको लागि मूल्याङ्कनका आधारहरु......................................१८

अनुसूची ३: कबुलियती वन राष्ट्रिय पुरस्कारको लागि मूल्याङ्कनका आधारहरु ..................................२१

अनुसूची ४: निजी वन राष्ट्रिय पुरस्कारको लागि मूल्याङ्कनका आधारहरु..........................................२५

अनुसूची ५: गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कारको लागि मूल्याङ्कनका आधारहरु...................२९

# वन क्षेत्र सम्बन्धी राष्ट्रिय पुरस्कारको कार्यविधि २०८२

## प्रस्तावनाः

वन नेपालको प्राकृतिक, सामाजिक तथा आर्थिक समृद्धिको आधार स्तम्भ हो। जैविक विविधता संरक्षण, जलवायु परिवर्तनको असर न्यूनीकरण, वातावरणीय सन्तुलन तथा स्थानीय समुदायको जीविकोपार्जनमा वन क्षेत्रको योगदान अत्यन्त महत्वपूर्ण रहेको छ। नेपालको संविधान, राष्ट्रिय वन नीति तथा दिगो विकास लक्ष्यहरूले वनको दिगो व्यवस्थापन, सामुदायिक सहभागिता र निजी क्षेत्रको भूमिकालाई उच्च प्राथमिकता दिएका छन्।

वनको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन क्षेत्रमा उत्कृष्ट कार्य गर्ने समूह तथा व्यक्तिहरुलाई प्रोत्साहित गर्न र समूह तथा व्यक्तिले गरेका उदाहरणीय कार्यको प्रचारप्रसार एवं थप हौसला प्रदान गर्ने उद्देश्यले वन तथा भू-संरक्षण विभागले वार्षिक स्वीकृत कार्यक्रम मार्फत राष्ट्रिय पुरस्कार (गणेशमान सिंह सामुदायिक, कबुलियती, निजी, साझेदारी, गणेश बहादुर शाही संरक्षण पुरस्कार) वितरणको कार्य विगत देखि नै सञ्चालन गर्दै आइरहेको छ। पुरस्कार वितरण कार्यक्रमले वन व्यवस्थापन तथा संरक्षणको क्षेत्रमा कार्य गर्ने व्यक्ति तथा संस्थालाई थप हौसला प्रदान हुने तथा वन विकासको क्षेत्रमा भएका सफल अभ्यासको बारेमा पनि सुचना तथा सिकाइहरु आदान प्रदान गर्नमा भूमिका निर्वाह गरीरहेको छ। संघीयतापश्चात वन ऐन, २०७६ तथा वन नियमावली, २०७९ ले विभिन्न वन व्यवस्थापन पद्धतिहरूलाई पहिचान गर्दै वन विकास र संरक्षणका लागि कानुनी आधार प्रदान गरेको छ। यसै अनुरुप वन व्यवस्थापनका उद्देश्यहरूमा समेत परिवर्तन भएको हुँदा संघीय संरचना र समसामयिक वन व्यवस्थापनको मर्मअनुसार हुने गरी पुरस्कार वितरण कार्यलाई समयानुकूल र व्यवस्थित गर्न राष्ट्रिय पुरस्कार कार्यविधिलाई पुनरावलोकन गरी यो कार्यविधि तयार गरीएको छ। यो कार्यविधि स्वीकृत भएको मिति देखि नै लागु हुने छ।

## उद्देश्य

यस कार्यविधिको उद्देश्य वन संरक्षण, सम्बर्द्धन तथा दिगो व्यवस्थापनको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने समूह तथा व्यक्तिहरूलाई प्रोत्साहन र सम्मान प्रदान गर्दै सफल अभ्यासहरूको प्रवर्द्धन गर्नुका साथै संघीय संरचना तथा समसामयिक वन व्यवस्थापनको सन्दर्भ अनुसार राष्ट्रिय पुरस्कार वितरण प्रक्रियालाई मानकीकृत, पारदर्शी, न्यायोचित तथा सरल बनाउनु रहेको छ।

## औचित्य

वन क्षेत्र नेपालको वातावरणीय सन्तुलन, जैविक विविधता संरक्षण तथा स्थानीय समुदायको जीविकोपार्जनसँग घनिष्ठ रूपमा सम्बन्धित महत्वपूर्ण क्षेत्र हो। वन संरक्षण तथा व्यवस्थापनमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति तथा संस्थाहरूको पहिचान, सम्मान र सफल अभ्यासहरूको प्रवर्द्धनले वन क्षेत्रको दिगो व्यवस्थापनलाई थप प्रोत्साहन प्रदान गर्दछ। संघीय शासन व्यवस्था तथा वन ऐन, २०७६ र वन नियमावली, २०७९ अनुसार विकसित नयाँ वन व्यवस्थापन पद्धतिहरूको सन्दर्भमा पुरस्कार वितरण प्रक्रियालाई व्यवस्थित र समयानुकूल बनाउनु आवश्यक भएकाले यस कार्यविधि तयार गरिएको हो।

## परिच्छेद १: गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार

### १.१ पृष्ठभूमिः

सामुदायिक वन विकास कार्यक्रमले वन संरक्षण, सदुपयोग तथा व्यवस्थापन मार्फत उपभोक्ताको जीविकोपार्जन सुधार, सामाजिक सशक्तिकरण, सुशासन र समान अवसर सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। सामुदायिक वन उपभोक्ता समूहहरूद्वारा प्राप्त उल्लेखनीय उपलब्धिहरूलाई राष्ट्रियस्तरमा प्रोत्साहन र सम्मान गर्न यो पुरस्कार प्रदान गरीनेछ। यस मार्फत् सामुदायिक वन व्यवस्थापनलाई दिगो, पारदर्शी र प्रभावकारी बनाउँदै राष्ट्रियस्तरमा सामुदायिक वनको योगदानलाई उजागर गर्ने विश्वास लिईएको छ।

### १.२ पुरस्कार मूल्याङ्कन तथा छनौट समितिः

गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कारको मूल्याङ्कन तथा छनौटका लागि सरकारी तथा सम्बन्धित गैर सरकारी क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी तपसिल बमोजिमको एक पुरस्कार मूल्याङ्कन तथा छनौट समिति रहनेछ ।

| | |
|---|---|
| महानिर्देशक, वन तथा भू-संरक्षण विभाग | संयोजक |
| उप-सचिव प्रतिनिधि (ज.फ.), वन तथा वातावरण मन्त्रालय | सदस्य |
| प्रतिनिधि, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल | सदस्य |
| केन्द्र प्रमुख, सामुदायिक वन अध्ययन केन्द्र | सदस्य |
| संयोजकले तोकेको सामुदायिक वनमा ख्यातिप्राप्त विज्ञ २ जना | स्दस्य |
| उपमहानिर्देशक, वन व्यवस्थापन महाशाखा, वन तथा भू-संरक्षण विभाग | सदस्य-सचिव |

### १.३ समितिको काम, कर्तव्य र अधिकारः

पुरस्कार मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) डिभिजन वन कार्यालयबाट प्राप्त आवेदनहरु अनुसूची-१ बमोजिमको सूचकको आधारमा मूल्याङ्कन गर्ने।

(ख) मूल्याङ्कनका क्रममा आवश्यकता अनुसार सम्बन्धित डिभिजन वन कार्यालयसँग परामर्श लिन सक्ने।

(ग) पुरस्कार सम्बन्धी कुनै विवाद आएमा निर्णय लिने।

(घ) मूल्याङ्कन गरी पुरस्कारको निर्णयका लागि सिफारिस गर्ने।

## परिच्छेद २: साझेदारी वन राष्ट्रिय पुरस्कार

### २.१ पृष्ठभूमिः

वनको विकास र दिगो व्यवस्थापन गरी अर्थतन्त्रमा टेवा पुऱ्याउन, वनक्षेत्रको नजिकै वा टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी गराई त्यस्ता उपभोक्तालाई वन पैदावार आपूर्तिको व्यवस्था गर्न, वनक्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न तथा खाली क्षेत्रको उपयोग गर्न, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र संबर्द्धन गर्न र उपभोक्ताको जिविकोपार्जनमा सुधार ल्याउने उद्देश्यले नेपालको तराई तथा भित्री मधेशका वनक्षेत्रहरु साझेदारी वन व्यवस्थापन पद्धति मार्फत व्यवस्थापन भइरहेको छ। आर्थिक वर्ष २०७४/०७५ बाट नेपालमा प्रथम पटक साझेदारी वन राष्ट्रिय पुरस्कारको स्थापना भएको हो।

साझेदारी वन उपभोक्ता समूहहरूद्वारा प्राप्त उल्लेखनीय उपलब्धिहरूलांई राष्ट्रियस्तरमा प्रोत्साहन र सम्मान गर्न यो पुरस्कार प्रदान गरीनेछ। यस मार्फत् साझेदारी वन व्यवस्थापनलाई दिगो, पारदर्शी र प्रभावकारी बनाउँदै राष्ट्रियस्तरमा साझेदारी वनको योगदानलाई थप उजागर गर्ने विश्वास लिईएको छ।

### २.२ पुरस्कार मूल्याङ्कन तथा छनौट समितिः

साझेदारी वन राष्ट्रिय पुरस्कारको मूल्याङ्कन तथा छनौटका लागि सरकारी तथा सम्बन्धित गैर सरकारी क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी तपसिल बमोजिमको एक पुरस्कार मूल्याङ्कन तथा छनौट समिति रहनेछ ।

| | |
|---|---|
| उपमहानिर्देशक, वन व्यवस्थापन महाशाखा, वन तथा भूसंरक्षण विभाग | संयोजक |
| उप-सचिव (ज.फ.), प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| उप-सचिव (प्रा.), प्रतिनिधि, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | सदस्य |
| प्रतिनिधि, साझेदारी वन उपभोक्ता महासंघ नेपाल | सदस्य |
| संयोजकले तोकेको साझेदारी वनमा ख्यातिप्राप्त विज्ञ २ जना | सदस्य |
| शाखा प्रमुख, सम्बन्धित शाखा, वन तथा भू-संरक्षण विभाग | सदस्य-सचिव |

### २.३ समितिको काम, कर्तव्य र अधिकारः

पुरस्कार मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) डिभिजन वन कार्यालयबाट प्राप्त आवेदनहरु अनुसूची-२ बमोजिमको सूचकको आधारमा मूल्याङ्कन गर्ने।

(ख) मूल्याङ्कनका क्रममा आवश्यकता अनुसार सम्बन्धित डिभिजन वन कार्यालयसँग परामर्श लिन सक्ने।

(ग) पुरस्कार सम्बन्धी कुनै विवाद आएमा निर्णय लिने।

(घ) मूल्याङ्कन गरी पुरस्कारको निर्णयका लागि सिफारिस गर्ने।

# परिच्छेद ३: कबुलियती वन राष्ट्रिय पुरस्कार

## ३.१ पृष्ठभूमिः

वन ऐन, २०७६ ले डिभिजन वन कार्यालयले गरीबीको रेखामुनि रहेका जनताको गरीबी न्यूनीकरणको लागि कार्ययोजना बनाई वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम सञ्चालन गर्न त्यस्ता जनताको समूहलाई कबुलियती वनको रुपमा वन क्षेत्र उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ ।

कबुलियती वन उपभोक्ता समूहहरूद्वारा प्राप्त उल्लेखनीय उपलब्धिहरूलाई राष्ट्रियस्तरमा प्रोत्साहन र सम्मान गर्न यो पुरस्कार प्रदान गरीनेछ। यस मार्फत् गरीबी न्यूनीकरण तथा वन विकासलाई प्रभावकारी बनाउँदै राष्ट्रियस्तरमा कबुलियती वनको योगदानलाई थप उजागर गर्ने विश्वास लिईएको छ।

## ३.२ पुरस्कार मूल्याङ्कन तथा छनौट समितिः

कबुलियती वन राष्ट्रिय पुरस्कारको मूल्याङ्कन तथा छनौटका लागि सरकारी तथा सम्बन्धित गैर सरकारी क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी तपसिल बमोजिमको एक पुरस्कार मूल्याङ्कन तथा छनौट समिति रहनेछ ।

| | |
|---|---|
| उपमहानिर्देशक, वन तथा वन्यजन्तु संरक्षण महाशाखा, वन तथा भूसंरक्षण विभाग | संयोजक |
| उप-सचिव (ज.फ.), प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| उपसचिव (ज.फ.), वन तथा भू-संरक्षण विभाग | सदस्य |
| प्रतिनिधि, कबुलियती वन राष्ट्रिय महासंघ नेपाल | सदस्य |
| संयोजकले तोकेको कबुलियती वनमा ख्यातिप्राप्त विज्ञ २ जना | सदस्य |
| शाखा प्रमुख, सम्बन्धित शाखा, वन तथा भू-संरक्षण विभाग | सदस्य-सचिव |

## ३.३ समितिको काम, कर्तव्य र अधिकारः

पुरस्कार मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) डिभिजन वन कार्यालयबाट प्राप्त आवेदनहरु अनुसूची-३ बमोजिमको सूचकको आधारमा मूल्याङ्कन गर्ने।

(ख) मूल्याङ्कनका क्रममा आवश्यकता अनुसार सम्बन्धित डिभिजन वन कार्यालयसँग परामर्श लिन सक्ने।

(ग) पुरस्कार सम्बन्धी कुनै विवाद आएमा निर्णय लिने।

(घ) मूल्याङ्कन गरी पुरस्कारको निर्णयका लागि सिफारिस गर्ने।

## परिच्छेद ४: निजी वन राष्ट्रिय पुरस्कार

### ४.१ पृष्ठभूमिः

वन ऐन, २०७६ तथा वन नियमावली, २०७९ अनुसार निजी जग्गामा रहेका रुख/विरुवा तथा वनक्षेत्रलाई **निजी वनका** रूपमा दर्ता गरी व्यवस्थापन गर्न सकिने कानूनी व्यवस्था गरेको छ। उक्त ऐन तथा नियमावलीले निजी वन दर्ता, संरक्षण, व्यवस्थापन, उपयोग तथा वन उपजको संकलन र बिक्री/वितरणका लागि आवश्यक प्रक्रिया निर्धारण गरेको छ।

निजी वनले प्राप्त उल्लेखनीय उपलब्धिहरूलाई राष्ट्रियस्तरमा प्रोत्साहन र सम्मान गर्न यो पुरस्कार प्रदान गरीनेछ। यस मार्फत् निजी वन विकास, व्यवसायिकतालाई प्रभावकारी बनाउँदै राष्ट्रियस्तरमा निजी वनको योगदानलाई थप उजागर गर्ने विश्वास लिईएको छ।

### ४.२ पुरस्कार मूल्याङ्कन तथा छनौट समितिः

निजी वन राष्ट्रिय पुरस्कारको मूल्याङ्कन तथा छनौटका लागि सरकारी तथा सम्बन्धित गैर सरकारी क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी तपसिल बमोजिमको एक पुरस्कार मूल्याङ्कन तथा छनौट समिति रहनेछ ।

| | |
|---|---|
| उपमहानिर्देशक, वन व्यवस्थापन महाशाखा, वन तथा भूसंरक्षण विभाग | संयोजक |
| प्रतिनिधि, निजी वन सरोकारवाला महासंघ | सदस्य |
| संयोजकले तोकेको निजी वनमा ख्यातिप्राप्त विज्ञ २ जना | सदस्य |
| शाखा प्रमुख, सम्बन्धित शाखा, वन तथा भू-संरक्षण विभाग | सदस्य-सचिव |

### ४.३ समितिको काम, कर्तव्य र अधिकारः

पुरस्कार मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) डिभिजन वन कार्यालयबाट प्राप्त आवेदनहरु अनुसूची-४ बमोजिमको सूचकको आधारमा मूल्याङ्कन गर्ने।

(ख) मूल्याङ्कनका क्रममा आवश्यकता अनुसार सम्बन्धित डिभिजन वन कार्यालयसँग परामर्श लिन सक्ने।

(ग) पुरस्कार सम्बन्धी कुनै विवाद आएमा निर्णय लिने।

(घ) मूल्याङ्कन गरी पुरस्कारको निर्णयका लागि सिफारिस गर्ने।

## परिच्छेद ५: गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कार

### ५.१ पृष्ठभूमिः

नेपालको वन संरक्षण, विकास र व्यवस्थापनको क्षेत्रमा विभिन्न समयको अन्तरालमा वन रक्षक, शसस्त्र वन रक्षक, फरेष्टर, रेञ्जर लगायतका कर्मचारीहरू फिल्ड क्षेत्रमा खट्दा चोटपटक, अङ्गभङ्ग लगायत ज्यानै समेत गुमाउनु परेको तितो यथार्थ रहेको छ। आफ्नो कर्तव्य पालनको सिलसिलामा वन संरक्षणमा खटिएका ताप्लेजुङ्गका वन रक्षक स्व.गणेश बहादुर शाहीको मिति २०७३ पौष ३ गते नृशंस हत्या गरीएको थियो । यिनै हत्या गरीएका गणेश बहादुर शाहीको स्मृतिमा नेपालको वन संरक्षणमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरष्कृत गर्ने र त्यस्तो कार्यमा खटिने कर्मचारीको मनोबल सदा उच्च राखी वन क्षेत्रको संरक्षण कार्यलाई अझै प्रभावकारी बनाउने हेतुले वन तथा भू-संरक्षण विभागले संरक्षण शहिदको स्मृतिमा गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कार प्रदान गर्न यो कार्यविधि बनाएको छ ।

### ५.२ पुरस्कार मूल्याङ्कन तथा छनौट समितिः

गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कारको मूल्याङ्कन तथा छनौटका लागि तपसिल बमोजिमको एक पुरस्कार मूल्याङ्कन तथा छनौट समिति रहनेछ ।

| | |
|---|---|
| उपमहानिर्देशक, वन तथा वन्यजन्तु संरक्षण महाशाखा, वन तथा भूसंरक्षण विभाग | संयोजक |
| उप सचिव (ज.फ.) वन तथा वातावरण मन्त्रालय | सदस्य |
| उपसचिव, प्रशासन, वन तथा भू-संरक्षण विभाग | सदस्य |
| उपसचिव (ज.फ.), वन तथा भू-संरक्षण विभाग | सदस्य |
| नेपाल वन प्राविधिक संघ, फरेष्ट टेक्निसियन्स् एशोसिएसन अफ नेपाल र जुनियर वन प्राविधिक संघको प्रमूख वन प्रतिनिधि एक/एक जना प्राविधिक | सदस्य-३ जना |
| कानून अधिकृत, वन तथा भू-संरक्षण विभाग | सदस्य |
| शाखा प्रमुख, वन्यजन्तु संरक्षण शाखा, वन तथा भू-संरक्षण विभाग | सदस्य-सचिव |

### ५.३ समितिको काम, कर्तव्य र अधिकारः

पुरस्कार मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) डिभिजन वन कार्यालयबाट प्राप्त आवेदनहरु अनुसूची-५ बमोजिमको सूचकको आधारमा मूल्याङ्कन गर्ने।

(ख) मूल्याङ्कनका क्रममा आवश्यकता अनुसार सम्बन्धित डिभिजन वन कार्यालयसँग परामर्श लिन सक्ने।

(ग) पुरस्कार सम्बन्धी कुनै विवाद आएमा निर्णय लिने।

(घ) मूल्याङ्कन गरी पुरस्कारको निर्णयका लागि सिफारिस गर्ने।

## परिच्छेद ६: विविध

### ६.१ पुरस्कारको व्यवस्था

पुरस्कारको रकम तथा पुरस्कृत हुने समूह/व्यक्ति/निजी वन धनीको संख्याको निर्धारण वन तथा भू-संरक्षण विभागले वार्षिक स्वीकृत कार्यक्रम अनुसार तय गरे बमोजिम हुनेछ। पुरस्कृत हुने समूह/व्यक्ति/निजी वन धनीलाई प्रमाणपत्र सहित नगद पुरस्कारले पुरस्कृत गरीनेछ। पुरस्कृत हुने समूह/व्यक्ति/निजी वन धनीले प्राप्त गर्ने पुरस्कार रकममा लाग्ने कर प्रचलित नियम, कानून अनुसार स्रोतमा नै काटेर मात्र वितरण गरीनेछ। पुरस्कार वितरण सामुदायिक वन दिवसको अवसरमा गरीनेछ। विभागको राष्ट्रिय पुरस्कार सम्बन्धि वार्षिक स्वीकृत बजेट पुरस्कार वितरण, पुरस्कारको मूल्याङ्कनको लागि लाग्ने खाजा तथा बैठक भत्ता, इन्धन, प्रमाणपत्र तयारी, समारोह आयोजना, मिडिया कभरेज लगायतका कार्यमा विभागबाट स्वीकृत लागत अनुमानको आधारमा खर्च गर्न सकिनेछ।

### ६.२ समितिको बैठक

प्रत्येक पुरस्कारको लागि गठित पुरस्कार मूल्याङ्कन तथा छनौट समितिको बैठकको हकमा तपसिल बमोजिम हुनेछ।

- समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोके बमोजिम बस्नेछ ।
- बैठकको गणपुरक संख्या दुई तिहाइको हुनेछ। तर पहिलो बैठकमा गणपुरक संख्या नपुगेमा दोस्रो बैठकमा कम्तिमा पचास प्रतिशत सदस्यको उपस्थितीलाई गणपुरक संख्या मानिने छ।
- समितिले आवश्यकता अनुसार बैठकमा विषय विज्ञ तथा सम्बन्धित कर्मचारीलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

### ६.३ पुरस्कार सम्बन्धि अन्तिम निर्णयः

गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कारको अन्तिम निर्णय वन तथा वातावरण मन्त्रालयबाट हुनेछ भने अन्य पुरस्कार (साझेदारी वन, कबुलियती वन, निजी वन र गणेश बहादुर शाही संरक्षण) को अन्तिम निर्णय वन तथा भू-संरक्षण विभागबाट हुनेछ।

### ६.४ पुरस्कारको लागि आवेदन पेश गर्ने प्रक्रियाः

<u>गणेशमान सिंह सामुदायिक, कबुलियती, निजी र साझेदारी वन राष्ट्रिय पुरस्कार</u>

राष्ट्रिय पुरस्कारका लागि सम्बन्धित डिभिजन वन कार्यालयहरुबाट तहाँको कर्यक्षेत्र भित्र पर्ने सामुदायिक वन, साझेदारी वन, कबुलियती वन र निजी वनको मूल्याङ्कन गरी १ वटा उत्कृष्ट सामुदायिक वन, साझेदारी वन, कबुलियती वन र निजी वन सिफारिस गरी प्रदेश वन निर्देशनालय मार्फत वन तथा भू-संरक्षण विभागमा पेश गर्नु पर्ने।

पुरस्कारका लागि आवेदन गर्दा तपसिल वमोजिमका कागजात तथा न्यूनतम प्रावधानहरु पूरा भएको हुनुपर्नेछ

१. वार्षिक प्रगति प्रतिवेदन नियमित रुपमा सब/डिभिजन वन कार्यालय र स्थानीय तहमा अनिवार्य रुपमा वुझाएको हुनुपर्ने
२. उपभोक्ता समूह/निजी वन धनीको नाममा बैंक खाता हुनुपर्ने
३. सामुदायिक वन, साझेदारी वन र कबुलियती वनको मूल्याङ्कन गर्दा वन हस्तान्तरण भएको कम्तिमा ५ वर्ष पूरा भएको हुनुपर्ने
४. वार्षिक लेखा परिक्षण नियमित रुपमा गरेको हुनुपर्ने
५. सामुदायिक वन, साझेदारी वन र कबुलियती वनको मूल्याङ्कन र सिफारिस गर्दा एक-एक प्रति कार्ययोजना, वार्षिक प्रगति प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन, साधरणसभाको उपस्थिति तथा निर्णय, समितिको नियमित बैठकको उपस्थिति, फोटो, भिडियो लगायतका आवश्यक डकुमेन्ट एवं प्रमाणहरुको प्रतिलिपि अनिवार्यरुपमा संलग्न हुनुपर्ने
६. डिभिजन वन कार्यालयले पुरस्कारको लागि सिफारिस गरी पठाउँदा अनुसूचीमा उल्लेख भएको मूल्याङ्कन फारम बमोजिम दिएको अङ्कको पुस्टयाईको साथ मूल्याङ्कन गरी पठाउनु पर्नेछ
७. डिभिजन वन कार्यालयले अनुसूचीमा उल्लेख भएको मूल्याङ्कन फारम बमोजिम दिएको अङ्कको पुस्टयाई गर्ने प्रमाण (कागजात, माइनुट, फोटो, भिडियो, प्रतिवेदन आदि) संलग्न राखी पठाउनु पर्नेछ
८. आवेदनको साथ पेश भएका कागजातहरु डिभिजन वन कार्यालयबाट प्रमाणित भएको हुन पर्नेछ
९. सव/डिभिजन वन कार्यालयले सिफारिस गर्ने वन समूह तथा निजी वनको आवेदन तयार गर्न आवश्यकताअनुसार सहजिकरण गर्नुपर्नेछ

## गणेश बहादुर शाही संरक्षण पुरस्कार

क. पुरस्कार छनौटका लागि डिभिजन वन कार्यालयहरुबाट वन रक्षक, सशस्त्र वन रक्षक, फरेष्टर/रेञ्जर लगायत सहायकस्तर पाँचौ श्रेणी स्तर सम्मका कर्मचारी मध्येबाट १/१ जना गरी जम्मा ३ जना उत्कृष्ट कर्मचारीको नाम गणेश बहादुर शाही संरक्षण पुरस्कारको लागि सिफारिस गरी वन निर्देशनालयमा पठाउने ।

ख. प्रदेश वन निर्देशनालयले डिभिजन वन कार्यालयबाट सिफारिस भई आएका र निर्देशनालयमा कार्यरत वन रक्षक, सशस्त्र वन रक्षक, फरेष्टर/रेञ्जर लगायत सहायकस्तर पाँचौ श्रेणी स्तर सम्मका कर्मचारी मध्ये बाट १/१ जना उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कारको लागि सिफारिस साथ वन तथा भू-संरक्षण विभागमा पठाउने ।

ग. डिभिजन वन कार्यालयहरुले विगतमा वन संगठनमा रही वन संरक्षणमा योगदान पुर्याएका पूर्व कर्मचारी तथा मरणोपरान्त कर्मचारी मध्यबाट पनि सिफारिस गर्न सक्नेछ ।

घ. डिभिजन वन कार्यालयले पुरस्कारको लागि सिफारिस गरी पठाउँदा अनुसूची ५ मा उल्लेख भएको मूल्याङ्कन फारम बमोजिम दिएको अङ्कको पुस्टयाईको साथ मूल्याङ्कन गरी पठाउनु पर्नेछ

ङ. डिभिजन वन कार्यालयले अनुसूचीमा उल्लेख भएको मूल्याङ्कन फारम बमोजिम दिएको अङ्कको पुस्टयाई गर्ने प्रमाण (कागजात, माइनुट, फोटो, भिडियो, प्रतिवेदन आदि) संलग्न राखी पठाउनु पर्नेछ

च. आवेदनको साथ पेश भएका कागजातहरु डिभिजन वन कार्यालयबाट प्रमाणित भएको हुन पर्नेछ

**गणेशबहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कारको लागि आवेदन दिने ढाँचा**

१. व्यक्तिगत विवरण
   नामः
   पदः
   कार्यरत कार्यालय
   कर्मचारी संकेत नं.
   नियुक्ति मितिः
   आर्थिक वर्षः
२. पृष्ठभूमीः १५० देखी २०० शब्द सम्म
३. जोखिम वहन गर्न सक्ने क्षमता र गरेको अवस्थाको विवरणः
४. कामको अनुभवको विवरणः
५. तालिम प्राप्त गरेको विवरणः
६. विवाद तथा द्वन्द्व व्यवस्थापनमा निर्वाह गरेको भूमिकाको विवरणः
७. प्रकोप नियन्त्रणमा भूमिकाः
८. पदक तथा सम्मानहरुको विवरणः
९. अन्य

माथि उल्लेखित विवरणको पुष्ट्याइको प्रमाणित कागजताहरु संलग्न गर्नुपर्ने।

### ६.५ सूचना प्रकाशन

राष्ट्रिय पुरस्कारका लागि आवेदन पेश गर्नको लागि वन तथा भू-संरक्षण विभागले हरेक वर्षको वैशाख महिनाको दोस्रो साता भित्र राष्ट्रिय दैनिक पत्रिका तथा विभागको वेबसाइट मार्फत सूचना प्रकाशन गर्ने छ। आवेदनसाथ संलग्न गर्नुपर्ने कागजात एवं प्रमाणहरु तोकिएको समय भित्र विभागमा आईपुग्ने गरी पठाइसक्नु पर्नेछ।

### ६.६ खारेजी तथा बचाउ

यस मन्त्रालयबाट स्वीकृत भएको गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार कार्यविधि, साझेदारी वन राष्ट्रिय पुरस्कार कार्यविधि, २०७५, कबुलियती वन राष्ट्रिय पुरस्कार छनौट विधि, २०७४, निजि वन राष्ट्रिय पुरस्कार कार्यविधि र गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कार कार्यविधि, २०७५ खारेज गरिएको छ।

## अनुसूची १: गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कारका लागि मूल्याङ्कनका आधारहरु

| आधार नं. (Criteria No.) | आधारहरु (Criteria) | उप-आधार (Sub-criteria) | सूचक तथा उप-सूचक (Indicators and Sub-indicators) | | सूचक/उप सूचकको अधिकतम भार अंक (Maximum weightage of indicators/sub-indicators) | मूल्याङ्कनमा प्राप्ताङ्क (Score in Evaluation) | कैफियत (Remarks) |
|---|---|---|---|---|---|---|---|
| १ | वन संरक्षण र व्यवस्थापन (जम्मा अंक भार २८) | १.१. वन संरक्षण | १.१.१.वनको हैसियतमा सुधार | वन व्यवस्थापनको उद्देश्य अनुसार वनको अवस्थामा सुधार भएको | ३ | | |
| | | | १.१.२ वनको जग्गाको पुनरुत्थान | हैसियत बिग्रेको वनको जग्गाको पुनरुत्थान भएको | २ | | |
| | | | १.१.३. वन डढेलो व्यवस्थापन | अग्निरेखा निर्माण, मर्मत सम्भार र अग्नि नियन्त्रण सञ्जाल निर्माण भएको | ३ | | |
| | | | | पूर्णरुपमा नियन्त्रित वन डढेलो | २ | | |
| | | | | आंशिक रुपमा नियन्त्रित वन डढेलो | १ | | |
| | | | | अनियन्त्रित वन डढेलो | ० | | |
| | | | १.१.४ चरिचरण व्यवस्थापन | पूर्णरुपमा नियन्त्रित घुम्ती चरिचरण | २ | | |
| | | | | आंशिक रुपमा नियन्त्रित चरिचरण | १ | | |
| | | | | खुल्ला अनियन्त्रित चरिचरण | ० | | |
| | | | १.१.५ वन अतिक्रमण नियन्त्रण | वन सिमाङ्कन गरी वन अतिक्रमण नै हुन नदिएको | २ | | |
| | | | | वन अतिक्रमण हटाइएको | १ | | |
| | | | | वन अतिक्रमण भएतापनि हटाउने प्रयास नै नभएको | ० | | |
| | | | १.१.६. वन | आत्म अनुशासन/घरधुरी पालो | २ | | |

| आधार नं. (Criteria No.) | आधारहरु (Criteria) | उप-आधार (Sub-criteria) | सूचक तथा उप-सूचक (Indicators and Sub-indicators) | | सूचक/उप सूचकको अधिकतम भार अंक (Maximum weightage of indicators/sub-indicators) | मूल्याङ्कनमा प्राप्ताङ्क (Score in Evaluation) | कैफियत (Remarks) |
|---|---|---|---|---|---|---|---|
| | | | संरक्षण पद्धति | वन हेरालु | १ | | |
| | | | | वन संरक्षण पद्धति नै नभएको | ० | | |
| | | | १.१.७ मिचाहा प्रजाति व्यवस्थापन भएको | | १ | | |
| | | | १.१.८ रोग किरा पहिचान र नियन्त्रण प्रयास | | १ | | |
| | | | १.१.९चोरी शिकारी नियन्त्रण भएको | | १ | | |
| | | | १.१.१० वन्यजन्तुको वासस्थान सुधार भएको | | १ | | |
| | | | १.१.११. चोरी कटानी तथा निकासी नियन्त्रण भएको | | १ | | |
| | | | १.१.१२ विधान र कार्ययोजना बमोजिम दण्ड जरिवाना, पुरस्कारको कार्यान्वयनको अवस्था. | प्रभावकारी रुपमा भएको | २ | | |
| | | | | सामान्य रुपमा | १ | | |
| | | | | न्यून रुपमा | ० | | |
| | | १.२ वन व्यवस्थापन | १.२.१. वन व्यवस्थापन कार्ययोजनाको गुणस्तर र कार्यान्वयनको अवस्था | अति उत्तम | २ | | |
| | | | | उत्तम | १ | | |
| | | | | न्यून | ० | | |
| | | | १.२.२. स्वीकृत वन कार्ययोजना अनुसार वन सम्वर्द्धन भएको | | १ | | |
| | | | १.२.३ बहुउद्देश्यीय नर्सरी स्थापना/विरुवा उत्पादन तथा वितरण र वृक्षरोपण गरेको | | १ | | |

| आधार नं. (Criteria No.) | आधारहरु (Criteria) | उप-आधार (Sub-criteria) | सूचक तथा उप-सूचक (Indicators and Sub-indicators) | | सूचक/उप सूचकको अधिकतम भार अंक (Maximum weightage of indicators/sub-indicators) | मूल्याङ्कनमा प्राप्ताङ्क (Score in Evaluation) | कैफियत (Remarks) |
|---|---|---|---|---|---|---|---|
| | | | १.२.४. वन व्यवस्थापन अभ्यासको लागि नमूना प्लट स्थापना र व्यवस्थापन भएको | | १ | | |
| | | १.३ वन पैदावार सदुपयोग | १.३.१. वन पैदावर वितरण प्रणाली | समतामूलक | २ | | |
| | | | | समानतामूलक | १ | | |
| | | | | हचुवा प्रणाली | ० | | |
| २ | सुशासन, पारदर्शिता, उत्तरदायित्व र संस्थागत विकास (जम्मा अंक भार २७) | २.१ सामुदायिक वन उपभोक्ता समूहको कार्यसमिति संरचना | २.१.१ कार्य समितिमा महिलाको सहभागिता | अध्यक्ष, सचिव र कोषाध्यक्ष सहित ५० प्रतिशत भन्दा बढी | ३ | | |
| | | | | अध्यक्ष र सचिव सहित ५० प्रतिशत भन्दा बढी | २ | | |
| | | | | ५० प्रतिशत भन्दा कम | ० | | |
| | | | २.१.२ कार्य समितिमा जनजाति, दलित तथा विपन्न वर्गको सहभागिता | अध्यक्ष | २ | | |
| | | | | उपाध्यक्ष वा कोषाध्यक्ष वा सचिव | १ | | |
| | | | | सदस्य मात्र | ०.५ | | |
| | | २.२ सामुदायिक वन उपभोक्ता समितिको कार्य सञ्चालन प्रभावकारीता | २.२.१ विधानमा उल्लेख भएको भन्दा बढी आवश्यकतानुसार समितिको बैठक हुने गरेको | | २ | | |
| | | | २.२.१ विधान अनुसार नियमितरुपमा समितिको बैठक हुने गरेको | | १ | | |
| | | | २.२.२ सूचना आदान प्रदानको संयत्र र गुनासो व्यवस्थापन समुचित ढंगले गरेको | | १ | | |
| | | | २.२.३ समूहको वार्षिक प्रगति प्रतिवेदन तयारी गर्ने गरेको | | १ | | |
| | | | २.२.४ समूहको कोष खर्च गर्नुपूर्व उपभोक्ताहरु वा समुदायको आवश्यकता पहिचानलाई प्राथमिकिकरण गर्ने गरेको | | २ | | |

| आधार नं. (Criteria No.) | आधारहरु (Criteria) | उप-आधार (Sub-criteria) | सूचक तथा उप-सूचक (Indicators and Sub-indicators) | | सूचक/उप सूचकको अधिकतम भार अंक (Maximum weightage of indicators/sub-indicators) | मूल्याङ्कनमा प्राप्ताङ्क (Score in Evaluation) | कैफियत (Remarks) |
|---|---|---|---|---|---|---|---|
| | | | २.२.५ सहभागितामूलक वार्षिक योजना तथा बजेट तर्जूमा गर्ने गरेको | | १ | | |
| | | | २.२.६ नियमितरुपमा सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गर्ने गरेको | | १ | | |
| | | | २.२.७ समयमा नै आन्तरिक तथा वाह्य आर्थिक लेखापरीक्षण भई बेरुजु सम्परीक्षण गर्ने गरेको | | २ | | |
| | | | २.२.८ कार्यालय सञ्चालन र व्यवस्थापन (दर्ता, चलानी, लेटरप्याड, छाप, टाँचा दर्ता, संकलन तथा छोडपूर्जी, बिल, रसिद र भरपाई आदिको व्यवस्था, फाइल व्यवस्थापन र अभिलेखिकरणको अवस्था) | | १ | | |
| | | २.३ उपभोक्ता समूह व्यवस्थापन | २.३.१ विधानमा तोकिएको भन्दा पनि बढी आवश्यकतानुसार साधारणसभा बस्ने गरेको | | २ | | |
| | | | २.३.२ विधान बमोजिम वार्षिक साधारणसभा नियमितरुपमा बस्ने गरेको | | १ | | |
| | | | २.३.३ साधारणसभामा उपभोक्ताको उपस्थिति | ८० प्रतिशत भन्दा बढी उपस्थिति रहेको | २ | | |
| | | | | विधानमा व्यवस्था भए बमोजिम न्यूनतम उपस्थिति प्रतिशत (कोरम) रहेको | १ | | |
| | | | २.३.४ साधारणसभामा महिला र पिछडिएको वर्गको सहभागिताको | ५० प्रतिशत भन्दा बढी | २ | | |
| | | | | २५ देखि ५० प्रतिशत सम्म | १ | | |
| | | | | २५ प्रतिशत भन्दा कम | ० | | |

| आधार नं. (Criteria No.) | आधारहरु (Criteria) | उप-आधार (Sub-criteria) | सूचक तथा उप-सूचक (Indicators and Sub-indicators) | | सूचक/उप सूचकको अधिकतम भार अंक (Maximum weightage of indicators/sub-indicators) | मूल्याङ्कनमा प्राप्ताङ्क (Score in Evaluation) | कैफियत (Remarks) |
|---|---|---|---|---|---|---|---|
| | | | अनुपात | | | | |
| | | | २.३.५ वन तथा सामुदायिक विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था भएको | | १ | | |
| | | | २.४ भौगोलिक समावेशिता | हिमाल | २ | | |
| | | | | पहाड | १.५ | | |
| | | | | तराई | १ | | |
| ३ | आर्थिक सशक्तिकरण र दिगोपन (जम्मा अंक भार २२) | ३.१ सामुदायिक वन भित्र कबुलियति वन सञ्चालन | सामुदायिक वनको जग्गा अति गरीब तथा विपन्न वर्गको आयमूलक कार्यक्रम सञ्चालनका लागि कबुलियतनामा गरी अस्थायी रुपमा वितरण गरेको | | २ | | |
| | | ३.२ कोष संकलन | ३.२.१. वन पैदावार विक्रि वितरण गर्दा विल, भरपाई उपलब्ध गराउने गरेको | | १.५ | | |
| | | | ३.२.२. वन पैदावार विक्रिवितरण बाहेक अन्य स्रोतबाट प्राप्त आम्दानीको अभिलेखिकरण राम्रोसँग गर्ने गरेको | | १.५ | | |
| | | | ३.२.३. अन्य निकायबाट प्राप्त अनुदान , चन्दा तथा पुरस्कारको अभिलेखिकरण राम्रोसँग गर्ने गरेको | | १.५ | | |
| | | ३.३.कोष परिचालन | ३.३.१.वन विकास | वन संरक्षण | १ | | |
| | | | | वन सम्वर्द्धन | २ | | |
| | | | | वन सदुपयोग | १ | | |
| | | | ३.३.२. वन विकासमा लगानी (कूल वार्षिक आम्दानीको खर्चको अनुपातमा) | २५ प्रतिशत भन्दा बढी | २ | | |
| | | | | २५ प्रतिशत | १ | | |
| | | | | २५ प्रतिशत भन्दा कम | ० | | |

| आधार नं. (Criteria No.) | आधारहरु (Criteria) | उप-आधार (Sub-criteria) | सूचक तथा उप-सूचक (Indicators and Sub-indicators) | | सूचक/उप सूचकको अधिकतम भार अंक (Maximum weightage of indicators/sub-indicators) | मूल्याङ्कनमा प्राप्ताङ्क (Score in Evaluation) | कैफियत (Remarks) |
|---|---|---|---|---|---|---|---|
| | | | ३.३.३ सामुदायिक विकास | स्थानीय तहसँग समन्वय गरी वन विकासमा खर्च गरी बाँकी रकमको ५० प्रतिशत गरीबी न्यूनीकरण, महिला सशक्तिकरण र उद्यम विकासमा खर्च गरेको | १.५ | | |
| | | | ३.३.४ कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | १० प्रतिशत भन्दा कम | १ | | |
| | | | | १० प्रतिशत भन्दा बढी | ० | | |
| | | | ३.३.५ स्थानीयस्तरमा रोजगारी सिर्जना | ५०० श्रम दिन भन्दा बढी | ३ | | |
| | | | | २५०–५०० श्रम दिन | २ | | |
| | | | | २५० श्रम दिन भन्दा कम | १ | | |
| | | | ३.३.६ सामुदायिक वनको जग्गा अति गरीब तथा विपन्न वर्गको आयमूलक कार्यक्रम सञ्चालनका लागि अनुदान, सहुलियत व्याजदरमा ऋण वितरण गरेको | | २ | | |
| | | | ३.३.६.सेवा मूलक तथा पूर्वाधार विकासमा लगानी गरेको | | २ | | |
| | | | ३.३.७. गरीव तथा विपदबाट पीडित उपभोक्ता सदस्यहरुलाई वन पैदावार वितरण प्रकृया | निःशुल्क | २ | | |
| | | | | सहुलियत दरमा | १ | | |
| | | | | अन्य उपभोक्ता सरह | ० | | |
| ४ | प्रचार प्रसार तथा क्षमता | ४.१.जनचेतना अभिवृद्धि गर्ने खालका | आफ्नै पहलमा सञ्चालन गरेको | | २ | | |
| | | | अन्य निकायको सहयोगमा सञ्चालन गरेको | | १ | | |

| आधार नं. (Criteria No.) | आधारहरु (Criteria) | उप-आधार (Sub-criteria) | सूचक तथा उप-सूचक (Indicators and Sub-indicators) | सूचक/उप सूचकको अधिकतम भार अंक (Maximum weightage of indicators/sub-indicators) | मूल्याङ्कनमा प्राप्ताङ्क (Score in Evaluation) | कैफियत (Remarks) |
|---|---|---|---|---|---|---|
| | विकास (जम्मा अंक भार ५) | गोष्ठी, तालिम, अध्ययन भ्रमण, छलफल अन्तरक्रिया गर्ने गरेको | | | | |
| | | ४.२. सीपमूलक तथा ज्ञानवर्धक तालीम सञ्चालन गर्ने गरेको | आफ्नै पहलमा सञ्चालन गरेको | २ | | |
| | | | अन्य निकायको सहयोगमा सञ्चालन गरेको | १ | | |
| | | ४.३. परम्परागत तथा प्रथाजनिक ज्ञान र सीपको सम्वर्द्धन एवं उपयोगमा योगदान पुर्याएको | | १ | | |
| ५ | वातावरणीय व्यवस्थापन जलवायु परिवर्तन प्रभाव न्यूनिकरण तथा अनुकुलनमा योगदान (जम्मा अंक भार ८) | ५.१. उल्लिखित विषयहरु कार्ययोजनामा समावेश भएको | | २ | | |
| | | ५.२. कार्ययोजनामा समावेश भएका क्रियाकलापहरुको कार्यान्वयनको प्रभावकारीता | उत्तम | २ | | |
| | | | मध्यम | १ | | |
| | | | न्यून | ० | | |
| | | ५.३. भू तथा जलाधार व्यवस्थापन (भू-क्षय नियन्त्रण, पानी मुहान संरक्षण, पोखरी निर्माण) | आफ्नै पहलमा निर्माण | २ | | |
| | | | अन्य निकायको सहयोगमा निर्माण गरेको | १ | | |
| | | ५.४. सामुदायिक वन क्षेत्रभित्र रहेका सिमसार क्षेत्र र जैविक | आफ्नै पहलमा संरक्षण गरेको | २ | | |
| | | | अन्य निकायको सहयोगमा संरक्षण गरेको | १ | | |

| आधार नं. (Criteria No.) | आधारहरु (Criteria) | उप-आधार (Sub-criteria) | सूचक तथा उप-सूचक (Indicators and Sub-indicators) | सूचक/उप सूचकको अधिकतम भार अंक (Maximum weightage of indicators/sub-indicators) | मूल्याङ्कनमा प्रासाङ्क (Score in Evaluation) | कैफियत (Remarks) |
|---|---|---|---|---|---|---|
| | | विविधता संरक्षणको दृष्टिकोणले **Hot Spots** को संरक्षण | | | | |
| ६ | नवप्रवर्तन (जम्मा अंक भार ५) | ६.१. कृषि तथा वनमा आधारित उद्यम प्रवर्द्धन, रोजगार र स्वरोजगार सृजना भएको | | १ | | |
| | | ६.२. पर्यापर्यटनको क्रियाकलाप सञ्चालन प्रकृतिमा आधारित भएको | | २ | | |
| | | ६.३. वातावरणीय सेवाको भूक्तानी प्रावधान रहेको | | १ | | |
| | | ६.४. अध्ययन, अनुसन्धानको कार्य भएको | | १ | | |
| ७ | समन्वय, सहकार्य र सञ्जाल स्थापना (जम्मा अंक भार ५) | ७.१. डिभिजन वन तथा सव डिभिजन वन कार्यालयसँग नियमित समन्वय तथा सहकार्य भएको | | १ | | |
| | | ७.२. स्थानीय तह र अन्य सरकारी निकायसँग समन्वय र सहकार्य भएको | | २ | | |
| | | ७.३. निजी क्षेत्र, अन्य सामुदायिक वन उपभोक्ता समूहहरु र गैर सरकारी संस्थाहरुसँग समन्वय र सहकार्य भएको | | २ | | |
| जम्मा | १०० | | | | | |

## अनुसूची २: साझेदारी वन राष्ट्रिय पुरस्कारको लागि मूल्याङ्कनका आधारहरु

| सि नं | विषयगत क्षेत्र | आधारहरु | अधिकतम अंक भार | सुचक नं | सुचकहरु | अंक भार | कुल प्राप्ताँक |
|---|---|---|---|---|---|---|---|
| १ | वन संरक्षण तथा व्यवस्थापन | संरक्षण<br>१. वन अतिक्रमण नियन्त्रण<br>२. वन डढेलो नियन्त्रण<br>३. वन पैदावार चोरी कटानी नियन्त्रण<br>४. वन्यजन्तुको संरक्षण तथा चोरी शिकार नियन्त्रण<br>५. पुनरुत्पादन संरक्षण<br>६. भूसंरक्षण तथा जलाधार व्यवस्थापन | २५ | १.१ | विगत पाँच वर्षमा अतिक्रमण हुन नदिएको | ३ | |
| | | | | १.२ | वनमा नियमित गस्ती वा हेरालुको व्यवस्था | २ | |
| | | | | २.१ | वन डढेलो नियन्त्रणको संयन्त्र, दुरुस्त साधन सामग्री एंव औजारको व्यवस्था | २ | |
| | | | | २.२ | अग्निरेखा निमार्ण तथा नियमित मर्मत संभार | ४ | |
| | | | | ३.१ | वन अपराध गर्नेलाई कानूनी कारवाही भएको अवस्था | २ | |
| | | | | ४.१ | वन्यजन्तु/वनस्पतिको संरक्षण तथा अभिलेखिकरण, सिमसार व्यवस्थापन, पानी मुहान संरक्षण लगायतका कृयाकलापहरु संचालन | २ | |
| | | | | ५.१ | तारबार, झाडी सरसफाई, गोडमेल (Climber cutting, Cleaning) लगायतका कार्यहरु | ५ | |
| | | | | ६.१ | खोला खोल्सी व्यवस्थापन तथा भूक्षय नियन्त्रण | ५ | |
| | | व्यवस्थापन<br>१. वन सम्वर्धन क्रियाकलापहरु<br>२. चरीचरण नियन्त्रण तथा व्यवस्थापन<br>३. वन व्यवस्थापनमा वाह्य चुनौतीहरु<br>४. वन क्षेत्र बाहिर वनको विकास | २० | १.१ | पुनरूत्पादन व्यवस्थापन तथा आवश्यकता अनुसार बृक्षारोपण/पुनःरोपण | ५ | |
| | | | | १.२ | कार्ययोजनामा तोकिएको क्षेत्रफल र छटनी / पतल्याउने कार्य (Thinning), हाँगा कटाई (Prunning), लहरा कटाई, झाडी सरसफाई, गोडमेल (Climber cutting, Cleaning) लगायतका वास्तविक रुपमा संचालन भएका कृयाकलापहरु तथा व्यवस्थापन भएको क्षेत्रहरुको नक्सा | ५ | |
| | | | | १.३ | कार्ययोजनामा तोकिए बमोजिम कटान | ३ | |
| | | | | २.१ | आवश्यकता अनुसार चरीचरणको लागि चरीचरण क्षेत्र छुट्टाएको, घुम्ती चरीचरणको व्यवस्था गरेको वा अन्य | २ | |

| सि नं | विषयगत क्षेत्र | आधारहरु | अधिकतम अंक भार | सुचक नं | सुचकहरु | अंक भार | कुल प्राप्तांक |
|---|---|---|---|---|---|---|---|
| | | | | ३.१ | आवश्यकता अनुसार वाह्रय मिचहा प्रजाती हटाउने, सदुपयोग वा अन्य अति चरीचरण नियन्त्रण | ३ | |
| | | | | ४.१ | निजी तथा सार्वजनिक जग्गामा वन विकासमा सहयोग | २ | |
| २ | वन पैदावारको उत्पादन तथा वितरण | १. वन पैदावार (काठ दाउरा वा अन्य गैह्रकाष्ठ) को उत्पादन<br>२. काठ दाउरा वल्लावल्ली वा अन्य गैह्रकाष्ठको बाँडफाँड तथा वितरणको व्यवस्था | २० | १.१ | कार्ययोजनामा उल्लेखित परिमाण र वास्तविक उत्पादन भएको परिमाण तथा उत्पादन विक्री र स्टकको अभिलेखीकरण | ५ | |
| | | | | २.१ | नजिक टाढाका उपभोक्ता लक्षित डिपो राखी काठ दाउरा वितरण वा ओसार पसारको व्यवस्था | ५ | |
| | | | | २.२ | उपभोक्ताको माग संकलन तथा वितरण | ५ | |
| | | | | २.३ | समुह भित्र विपन्न वर्गलाई सहुलियत दरमा काठ विक्री वितरणको व्यवस्था | २ | |
| | | | | २.४ | संकलन भएको काठ दाउरा समयमै विक्री वितरण | २ | |
| | | | | २.५ | काठ दाउरा वाहेक अन्य वन पैदावार संकलन र वितरण | १ | |
| ३ | संस्थागत, सामाजिक तथा समावेशीता | १. व्यवस्थापन समिति एवं कार्यान्वयन इकाइको कार्य संचालन प्रभावकारीता<br>२. उपभोक्ताको सहभागिता र समावेशीता<br>३. सूचना आदान प्रदान तथा गुनासो व्यवस्थापन<br>४. समन्वय तथा सहकार्य | १० | १.१ | समूहको साधारण सभा समयमै हुने गरेको | १ | |
| | | | | १.२ | व्यवस्थापन समितिको म्याद भित्रै निर्वाचन | १ | |
| | | | | २.१ | आरक्षण बाहेका पदमा महिला समावेशीता | १ | |
| | | | | २.२ | विपन्न / कमजोर वर्गको पहिचान तथा प्राथमिकतामा राखिएका लक्षित कार्यक्रम | १ | |
| | | | | ३.१ | वार्षिक कार्यक्रम र प्रगति प्रतिवेदन तयारी गरी साधारण सभाले अनुमोदन गर्ने गरेको | १ | |
| | | | | ३.२ | सूचना आदान प्रदानको संयन्त्र (एफएम, रेडियो, एसएमएस, समाजिक संजाल, सूचना अधिकारी वा अन्य) | १ | |
| | | | | ३.३ | गुनासो पेटिका वा गुनासो सुन्ने व्यक्ति तोकिएको र प्राप्त गुनासो सम्वोधन भएको | २ | |
| | | | | ४.१ | अन्य सरकारी निकाय तथा सम्बन्धित सरोकारवालहरुसंग | २ | |

| सि नं | विषयगत क्षेत्र | आधारहरु | अधिकतम अंक भार | सुचक नं | सुचकहरु | अंक भार | कुल प्राप्तांक |
|---|---|---|---|---|---|---|---|
| | | | | | छलफल/ बैठक | | |
| ४ | आर्थिक पारदर्शिता र कोष परिचालन | १. खर्चको सार्वजनिककरण<br>२. लेखापरिक्षण<br>३. कोष संकलन र बाँडफाँड | १० | १.१ | संचालित कृयाकलापहरुको सम्बन्धमा पारदर्शिता कायम गरे नगरेको खर्चको सम्बन्धमा जान्न इच्छुकहरुमा सुचनाको पहुँच रहेको | २ | |
| | | | | १.२ | बजेट अनुसार खर्च हुने गरेको | २ | |
| | | | | २.१ | लेखा सम्बन्धी कर्मचारी वा सम्बन्धित विषयको ज्ञान भएकोलाई लेखाको जिम्मेवारी दिने | २ | |
| | | | | २.२ | बेरुजुको अवस्था शुन्य रहेको | २ | |
| | | | | ३.१ | खाता सञ्चालनमा महिलाको प्रतिनिधित्व कायम र अभिलेख व्यवस्थापन | २ | |
| ५ | रोजगारी सिर्जना र उपभोक्ता सशक्तिकरण | १. स्थानीयस्तर<br>२. क्षमता अभिबृद्धि/सशक्तिकरण कार्यक्रम | १० | १.१ | कटान कार्यमा उपभोक्तालाई संलग्न गराई गर्ने गरेको | ४ | |
| | | | | १.२ | कटान वाहेकका अन्य वन सम्बर्धनका कृयाकलापहरु उपभोक्तालाई संलग्न गराई गर्ने गरेको | ४ | |
| | | | | २.१ | वन व्यवस्थापन, उद्यम विकास लगायतका तालिम संचालन | २ | |
| ६ | अन्य (समूह आफैले प्रशंसनीय वा नविनतम कार्य गरेको भए) | १. उद्यम विकास<br>२. अन्य नवप्रवर्तन कार्य | ५ | १.१ | निजी तथा अन्य सरोकारवालाहरुसंग सहकार्य गरी वनमा आधारित उद्यम प्रवर्धन | ३ | |
| | | | | १.२ | अन्य | २ | |
| कुल अंक भार | | | १०० | | कुल अंक भार | १०० | |

## अनुसूची ३: कबुलियती वन राष्ट्रिय पुरस्कारको लागि मूल्याङ्कनका आधारहरु

| क.सं. | मूल्याङ्कनका आधारहरु | सूचांक नं. | पुरस्कार छनौटका सूचांकहरु | अंक भारको आधार | अंक भार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वन व्यवस्थापन | १.१ | वृक्षारोपणले ढाकेको क्षेत्रफल | • ८०% भन्दा बढी<br>• ५०% -७९%<br>• ४९% भन्दा कम | ८<br>५<br>३ | * |
| | | १.२ | पुनरुत्पादनले ढाकेको क्षेत्रफल | • ८०% भन्दा बढी<br>• ५०% -७९%<br>• ४९% भन्दा कम | ८<br>५<br>३ | * |
| | | १.३ | गोडमेल तथा अन्य व्यवस्थापनका कार्य सञ्चालन क्षेत्र | • ८०% भन्दा बढी<br>• ५०% -७९%<br>• ४९% भन्दा कम | ८<br>५<br>३ | * |
| २ | डढेलो व्यवस्थापन | २.१ | • झाडी सफाई<br>• अग्निरेखा निर्माण<br>• प्रचार प्रसार<br>• डढेलो नियन्त्रण टोली गठन | | ३<br>२<br>२<br>१ | ** |
| ३ | जीवनस्तरमा सुधार | ३.१ | कबुलियती वनबाट प्रति घरधुरी नगद आम्दानी (वार्षिक) | • रु २५,००० भन्दा बढी<br>• रु १०,००० देखि २४,९०० सम्म<br>• रु १०,००० भन्दा कम | ८<br>५<br>३ | * |
| | | ३.२ | आयआर्जनका क्रियाकलाप: बाखापालन, माहुरी पालन, गैह्रकाष्ठ वन पैदावार उत्पादन, विरुवा उत्पादन, तरकारी खेती, आदिबाट खान पुग्ने | • १२ महिना भन्दा बढी<br>• ८ देखि १२ महिनासम्म<br>• ७ महिना भन्दा कम | ३.५<br>२.५<br>१.५ | * |
| | | ३.३ | जीविकोपार्जन सुधार योजना | • ८०% भन्दा बढी | ४ | * |

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | सूचांक नं. | पुरस्कार छनौटका सूचांकहरु | अंक भारको आधार | अंक भार | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | कार्यान्वयनको अवस्था | • ५०% देखि ७९% सम्म<br>• ४९% भन्दा कम | ३<br>२ | |
| | | ३.४ | पर्यापर्यटनमा योगदान | • उत्तम<br>• मध्यम<br>• न्यून | ३<br>२<br>१ | * |
| ४ | समूह व्यवस्थापन | ४.१ | नियमित बैठक | • १२ पटक वा बढी<br>• ७ देखि ११ सम्म<br>• ६ पटक भन्दा कम | ३<br>२<br>१ | * |
| | | ४.२ | बचत तथा ऋण परिचालन | <u>समूहको कोषमा बचत:</u><br>• ८०% भन्दा बढी सदस्यताहरुबाट नियमित बचत<br>• ५०% देखि ७९% सदस्यताहरुबाट नियमित बचत<br>• ४९% भन्दा कम सदस्यताहरुबाट नियमित बचत<br><u>समूह कोषको ऋण परिचालन</u><br>• ८०% भन्दा बढी सदस्यहरुमा ऋण परिचालन<br>• ५०% देखि ७९% सदस्यहरुमा ऋण परिचालन<br>• ४९% भन्दा कम सदस्यहरुमा ऋण परिचालन | ३<br>२<br>१<br>३<br>२<br>१ | *<br>* |
| | | ४.३ | लेखापरीक्षण | • लेखापरीक्षण गरेको<br>• लेखापरीक्षण नगरेको | ३<br>० | * |
| ५ | वन पैदावारको पर्याप्तता | ५.१ | घाँस | • ९ महिनाभन्दा बढी पुग्ने | ३ | * |

वन तथा वातावरण मन्त्रालय
जलाधार तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

| क.सं. | मूल्याङ्कनका आधारहरु | सूचांक नं. | पुरस्कार छनौटका सूचांकहरु | अंक भारको आधार | अंक भार | कैफियत |
|---|---|---|---|---|---|---|
| | तथा आम्दानी | | | • ६ महिनादेखि ९ महिना पुग्ने<br>• ६ महिनाभन्दा कम पुग्ने | २<br>१ | |
| | | ५.२ | दाउरा | • ९ महिनाभन्दा बढी पुग्ने<br>• ६ महिनादेखि ९ महिना पुग्ने<br>• ६ महिनाभन्दा कम पुग्ने | ३<br>२<br>१ | * |
| ६ | समन्वय तथा सहकार्य | ६.१ | सम्बन्धीत सरकारी निकायहरुसँग सम्बन्ध | • उत्तम<br>• मध्यम<br>• न्यून | ३<br>२<br>१ | * |
| | | ६.२ | गैर-सरकारी निकायहरुसंग सम्बन्ध | • उत्तम<br>• मध्यम<br>• न्यून | ३<br>२<br>१ | * |
| ७ | विगतको कार्य प्रभावकारिता | ७.१ | स्थानीय स्तरमा पुरस्कार पाएको | • उत्तम<br>• मध्यम<br>• न्यून | ३<br>२<br>१ | * |
| | | ७.२ | सम्पन्न गरीएको कार्यको सूचना प्रवाह:पत्र पत्रिकामा प्रकाशन, वार्षिक प्रतिवेदन आदि | • उत्तम<br>• मध्यम<br>• न्यून | ३<br>२<br>१ | * |
| | | ७.३ | अन्य निकायको स्रोत परिचालनद्वारा भौतिक वातावरण तथा अन्य सुधार | • उत्तम<br>• मध्यम<br>• न्यून | ३<br>२<br>१ | * |
| ८ | मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन | ८.१ | मानव वन्यजन्तु द्वन्द्वका लागि काम गरेको (जस्तै, बारबन्देज) | • उत्तम<br>• मध्यम<br>• न्यून | ३<br>२<br>१ | * |
| ९ | जलवायु परिवर्तन अनुकूलन तथा | ९.१ | अनुकूलन तथा न्यूनीकरणका कामहरू: जस्तै पानी पोखरी | • उत्तम<br>• मध्यम | ३<br>२ | * |

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | सूचांक नं. | पुरस्कार छनौटका सूचांकहरु | अंक भारको आधार | अंक भार | कैफियत |
|---|---|---|---|---|---|---|
| | न्यूनीकरणका कार्यक्रम सञ्चालन | | निर्माण, मुहान संरक्षण | • न्यून | १ | |
| १० | जैविक विविधता अभिवृद्धि | १०.१ | प्रजाति विविधता | • उत्तम<br>• मध्यम<br>• न्यून | ३<br>२<br>१ | * |
| ११ | विशेष आधार | ११.१ | आफ्नो स्रोत परिचालन गरी गरेका उल्लेखनीय कार्य | • उत्तम<br>• मध्यम<br>• न्यून | ३<br>२<br>१ | * |
| | | ११.२ | भविष्यका योजनाहरु | • उत्तम<br>• मध्यम<br>• न्यून | ३<br>२<br>१ | * |
| १२ | सामाजिक समावेशीकरण | १२.१ | सामाजिक समावेशीकरणको अवस्था | • ८०% भन्दा बढी<br>• ५०% देखि ८०% सम्म<br>• ५०% भन्दा कमी | १.५<br>१<br>०.५ | * |
| | जम्मा | | | | १०० | |

द्रष्टव्यः

* – भन्नाले कुनै एक सुचकको लागि अँक दिन सकिने

**- भन्नाले एक भन्दा बढि सुचकको लागि पनि अँक दिन सकिने

## अनुसूची ४: निजी वन राष्ट्रिय पुरस्कारको लागि मूल्याङ्कनका आधारहरु

| क्र.स | मूल्यांकनका आधार | अधिकतम प्राप्तांक | अंक | कैफियत |
|---|---|---|---|---|
| | **१. वनको हैसियत (२० अंक)** | | | |
| १.१ | **वनको रुपमा विकास भएको क्षेत्रफल** | ५ | | * |
| | १ हेक्टर भन्दा बढी | | ५ | |
| | ०.२५-१ हेक्टर | | ३ | |
| | ०.२५ हेक्टर भन्दा कम | | १ | |
| १.२ | **वन बाली र कृषि बालीको अनुपात** | ५ | | * |
| | वन बालीको वाहुल्यता | | ५ | |
| | कृषि वन (वनले छत्र ढाकेको ) | | ३ | |
| | कृषि बालीको बहुल्यता | | २ | |
| १.३ | **वनको किसिम र प्रजाति** | ५ | | * |
| | रैथाने प्रजातिलाइ प्रोत्सहन गरेको | | ५ | |
| | रथाने र आगन्तुक प्रजातिको मिश्रण भएको वा २ भन्दा बढी मुख्य बाली रहेको | | ३ | |
| | आगन्तुक प्रजातिको बाहुल्यता रहेको | | २ | |
| १.४ | **निजि वनको भौगोलिक अवस्थिति** | ५ | | ** |
| | हिमाल भएमा ३, पहाड भएमा २ र तराई भएमा १ | | ३ | |
| | राष्ट्रिय वन नभएको स्थानीय तहमा अवस्थित रहेको | | २ | |
| | | २० | | |
| | **२. वन संरक्षण र व्यवस्थापन** | | | |
| २.१ | **वन संवर्द्धन कार्यको कार्यान्वयन अवस्था** | ५ | | * |
| | वार्षिक रुपमा कार्यतालिका आनुसार सम्पूर्ण वन संवर्द्धनका कार्यहरु गरेको | | ५ | |
| | झाडी सरसफाई र संरक्षण मुखी क्रियाकलापहरू मात्र गरेको | | ३ | |
| | केहि पनि नगरेको | | १ | |
| २.२ | **वनको स्वास्थको अवस्था (डिभिजनको अनुगमन र रोग नियन्त्रणका लागि भएको लिखित प्रयास )** | ५ | | * |
| | पूर्ण रुपमा रोग प्रकोप नियन्त्रण गरेको | | ५ | |

| क्र.स | मूल्यांकनका आधार | अधिकतम प्राप्तांक | अंक | कैफियत |
|---|---|---|---|---|
| | रोग लागेर नियन्त्रणको प्रयास गरी रहेको | | ३ | |
| | रोग नियन्त्रणको लागि उल्लेखनीय प्रयास नगरेको | | १ | |
| २.३ | **संरक्षणका लागि भएका अभ्यास** | ५ | | ** |
| | वन हेरालु राखेको | | १ | |
| | घेरा बार गरेको | | १ | |
| | अग्नि रेखा बनाएको | | १ | |
| | वन डढेलो नियन्त्रण उपकरण राखेको | | १ | |
| | बेला बखत संरक्षण र हेरचाह गरेको | | १ | |
| | जम्मा | १५ | | |
| | ३. संस्थागत व्यवस्था र सु-शासन | | | |
| ३.१ | **निजि वन दर्ताको (डिभिजन वन कार्याल, स्थानीय तथा वा कम्पनि रजिष्टार कार्यालयमा व्यक्तिगत वा संस्थागत) आवधि** | १० | | * |
| | १० वर्ष वा सो भन्दा बढी | | १० | |
| | ५ देखि १० वर्ष | | ५ | |
| | ५ वर्ष भन्दा कम | | २ | |
| ३.२ | **निजि वनको कार्ययोजना तयार गरेको** | २ | २ | * |
| ३.३ | **निजि वनको वित्तीय व्यवस्थापन** | ३ | | * |
| | वित्तीय संस्थाहरुसंग वन स्थापनाको उद्धेस्यले कुल लगानीको आधा भन्दा बढी ऋण लगानी गरेको | | ३ | |
| | वित्तीय संस्थाहरुसंग वन स्थापनाको उद्धेस्यले कुल लगानीको आधा भन्दा कम ऋण लगानी गरेको | | २ | |
| | आफ्नै सो लगानीमा वन स्थापना गरेको | | १ | |
| | नगत अनुदान प्राप्त गरेको (पुरस्कार र वस्तुगत अनुदान बाहेक) | | ० | |
| ३.४ | **निजि वनको वार्षिक आय प्राप्तिको अवस्था** | ५ | | * |
| | व्यवसायिक/व्यापारिक प्रयोजन मार्फत (कर तिरेको प्रमाण संलग्न गरेमा) | | ५ | |
| | घरायसी प्रयोजन मार्फत | | ३ | |
| | हालसम्म नभएको | | १ | |
| ३.५ | **निजि वनको प्रचार प्रसार** | ५ | | ** |

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

| क्र.स | मूल्यांकनका आधार | अधिकतम प्राप्तांक | अंक | कैफियत |
|---|---|---|---|---|
| | रेडियो तथा टेलीभिजन मार्फत प्रचार प्रसार गरेको | | २ | |
| | आधिकारिक छापा र अनलाइन मिडियामा प्रचार प्रसार भएको | | १ | |
| | लिफलेट, ब्रोसर, प्याम्प्लेट लगायत प्रकाशन मार्फत प्रचार प्रसार गरेको | | १ | |
| | होडिंग बोर्ड राखेको | | १ | |
| | केहि पनि नगरेको | | ० | |
| ३.६ | **महिला निजि वन धनी भएको** | ३ | | * |
| ३.७ | डि.व.का., निकुन्ज र स्थानीय तहसंग अन्तर सम्बन्ध र अनुगमन | २ | | * |
| | | ३० | | |
| | ४. उद्यमशिलता र योगदान | | | |
| ४.१ | **निजि वनको विस्तृत व्यवसायिक योजना तयार गरेको** | ३ | | * |
| ४.२ | **वन उद्यम मूल्य आविवृद्धि शृंखलामा योगदान** | ५ | | * |
| | आफैले एक तह भन्दा बढी प्रसोधन गरेको वा प्रसोधन पश्चात आफैले बजारीकरण गरेको | | ५ | |
| | आफैले एक तह प्रसोधन गरी विक्री वितरण गरेको | | ३ | |
| | कच्चा पदार्थ मात्र विक्री वितरण गरेको | | १ | |
| ४.३ | **उत्पादन विविधिकरण** | ५ | | * |
| | काष्ठजन्य सहित अन्य वन पैदावार पनि उत्पादन र बिक्रि वितरण गरेको | | ५ | |
| | काष्ठजन्य वन पैदावार मात्र उत्पादन गरेको | | ३ | |
| ४.४ | **रोजगारी सिर्जना** | ७ | | * |
| | वार्षिक रुपमा ५ जना भन्दा बढीलाई प्रतक्ष रोजगारी दिएको | | ७ | |
| | वार्षिक रुपमा २ देखि ४ जनालाई प्रतक्ष रोजगारी दिएको | | ५ | |
| | वार्षिक रुपमा १ जनालाई रोजगारी दिएको | | ३ | |
| | रोजगारी दिने नगरेको | | १ | |
| ४.५ | **वन श्रमिकको सुरक्षा र जोखिम व्यवस्थापन** | ५ | | ** |
| | विमाको व्यवस्था गरेको | | १ | |
| | सुरक्षा उपकरणको व्यवस्था गरेको | | १ | |
| | सामाजिक सुरक्षा कोषमा आवद्धता | | १ | |

| क्र.स | मूल्यांकनका आधार | अधिकतम प्राप्तांक | अंक | कैफियत |
|---|---|---|---|---|
| | वन व्यवस्थापनको लागि आधुनिक उपकरणको प्रयोग गरेको | | १ | |
| | सामजिक सुरक्षा कर तिरेको | | १ | |
| | जम्मा | २५ | | |
| | **५. नव प्रवार्द्रात्मक आयामहरु** | | | |
| ५.१ | नविनतम कार्यहरु गर्ने गरेको | ५ | | * |
| ५.२ | वातावरणीय सेवाहरुको लाभ प्रासिको अवस्था | ५ | | * |
| | जम्मा | १० | | |
| | कुल जम्मा | १०० | | |

द्रष्टव्यः

* – भन्नाले कुनै एक सुचकको लागि अँक दिन सकिने

**- भन्नाले एक भन्दा बढि सुचकको लागि पनि अँक दिन सकिने

## अनुसूची ५: गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कारको लागि मूल्याङ्कनका आधारहरु

| क्र.स. | पुरस्कार छनौटका आधारहरु | पुरस्कार छनौटका सूचकाङ्क | अधिकतम अंकभार |
|---|---|---|---|
| १ | जोखिम वहन गर्न सक्ने क्षमता र गरेको अवस्था | अतिक्रमण, वन पैदावार चोरी तस्करी नियन्त्रणमा भूमिका | १५ |
| | | वन संरक्षणमा खटिदा वन्यजन्तुको आक्रमण, वन डढेलो, लगायत प्रकोप नियन्त्रण कार्यमा खटिदा घाइते भएमा<br>• सख्त घाइते भएमा - १५<br>• सामान्य घाइते भएमा - १०<br>• घाइते नभएको - ५ | १५ |
| | | वन क्षेत्रको नियमित गस्ती | १० |
| २ | अनुशासन तथा आज्ञापालन | सुपरिवेक्षकको सिफारिस<br>समयपालन र नियमितता | १० |
| ३ | कामको अनुभव (हाल वा तत्काल) | ५ वर्ष भन्दा कम अवधि-५ | १५ |
| | | ५ वर्ष देखि १० वर्ष सम्म-१० | |
| | | १० वर्ष भन्दा बढी-१५ | |
| ४ | तालिम | वन डढेलो नियन्त्रण, वन्यजन्तु ह्याण्डलिङ्ग लगायतका वन तथा वन्यजन्तु संरक्षणसँग सम्बन्धित तालिम | १० |
| ५ | विवाद तथा द्वन्द्व व्यवस्थापन क्षमता | विवाद तथा द्वन्द्व व्यवस्थापन गरेको | १० |
| ६ | प्रकोप नियन्त्रण | प्राकृतिक प्रकोपको अवस्थामा उद्धारमा खटिएको समय | ५ |
| | | वन डढेलो नियन्त्रणमा खटिएको समय | ५ |
| ७ | पदक तथा सम्मान | पुरस्कार, सम्मान तथा प्रशंसापत्र प्राप्त, समाचारपत्र | ५ |
| कुल जम्मा | | | १०० |